# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

११ असार, २०७९

***सन्दर्भ : यातनापीडितहरुको सहयोगसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (२६ जुन)***

## यातना विरुद्धको अधिकार सुनिश्चित गर्न आग्रह ।

राष्ट्रिय मानव अधिकार आयोगले स्थापना कालदेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । विशेष गरी सशस्त्र द्वन्दको समयमा यातना दिइने कार्यबाट हजारौं व्यक्तिहरु पीडित भएको सम्बन्धमा आयोगमा उजूरीहरु दर्ता भई आयोगले अनुगमन तथा अनुसन्धानमार्फत पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीको लागि विगतमा नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ । तर आयोगबाट सिफारिस गरिएका घटनाहरुमा पीडितलाई क्षतिपूर्त दिलाउने बाहेक दोषीलाई कानूनी कारबाही गर्ने कार्य अत्यन्तै न्यून रहेको देखिन्छ ।

यातना विरुद्धको अधिकारको संरक्षणको लागि आयोगले हिरासत तथा कारागारको निरन्तर रुपमा अनुगमन गर्दै आइरहेको छ । अनुगमनको क्रममा देशका सबैजसो कारागारमा क्षमता भन्दा बढी कैदीबन्दीहरु राखिएकोले सरसफाई, खानेपानी लगायतमा देखिएका समस्याहरुको सुधारका लागि समेत आयोगले नेपाल सरकारलाई पटक पटक सिफारिस गर्दै आइरहेको स्मरण गर्दछ । आयोगमा गत आर्थिक वर्षमा यातना विरुद्धको अधिकारसम्बन्धी २३ वटा उजूरीहरु प्राप्त भएका छन् । साथै, पछिल्लो समय पर्वत, कैलाली, सुनसरी, विराटनगर र रोल्पा जिल्ला कारागारमा कैदीबन्दीको मृत्यु भएको तथा आत्महत्या गरेको पाइएको छ ।

नेपालको संविधान, मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल पक्षराष्ट्र भएका यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले यातनाविरुद्धको अधिकार सुनिश्चित गरेको छ । नेपालले यातना दिइने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मञ्चहरुमा समेत पटक पटक प्रतिबद्धता व्यक्त गर्दै आएको आयोग स्मरण गराउँदछ । यातना क्षतिपूर्ति ऐन, २०५३ ले यातना दिने कार्यलाई दण्डनीय बनाए पनि कार्यान्वयन पक्ष भने फितलो देखिन्छ ।

अत : व्यक्तिलाई यातना दिइने जस्तो अमानवीय कार्य तथा अपराधजन्य कार्य कहिँ कतैबाट पनि नगर्न, नगराउन, कारागारमा भइरहेका मृत्युका घटना रोकथामका लागि सुरक्षा प्रबन्ध प्रभावकारी गराउन, यातना सम्बन्धमा आयोगले गरेका सिफारिसहरुको कार्यान्वयन गर्न, यातनाका घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउन, पीडितलाई क्षतिपूर्तको व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

..............................
डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता